नेपाल सरकार

संघीय मामिला तथा तथा सामान्य प्रशासन मन्त्रालय

**(संघीय मामिला शाखा )**

सिंहदरबार, काठमाण्डौ ।

प.सं.२०७७/७८

च.नं. ४९

मिति २०७७।०८।०५

मिथिला नगरपालिका धनुषा
दर्ता नं. १४२८
मिति ०७७।८।१०

श्री स्थानीय तह (सबै) ।

<u>विषय: निर्णय कार्यान्वयन सम्बन्धमा ।</u>

प्रस्तुत विषयमा उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको च.नं. ६४ मिति २०७७।०७।२५ को पत्रसाथ प्राप्त निर्णयको छाँयाप्रति यसैसाथ संलग्न छ । सो पत्रवाट थप व्यहोरा अवगत गर्नुभई सोही बमोजिम गर्नु गराउनुहुन निर्देशानुसार अनुरोध छ ।

बन्दना कर्ण

शाखा अधिकृत

<u>बोधार्थ:</u>

श्री सुचना तथा प्रविधि शाखा: सबै स्थानीय तहलाई **Email** मार्फत उपलब्ध गरिदिनुहुन ।

श्री प्रशासन शाखा।
७७।८।१०

श्री IT उप-शाखा website मा upload गर्ने र साथै निर्णयको बुदा नं. २ बमोजिम कारवाही गर्न स्वास्थ्य शाखालाई जानकारी पठाउने।

संघीय संसद

प्रतिनिधि सभा

# उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति

(उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र उपभोक्ता हित सम्बन्धी)

संघीय संसद सचिवालय,
सिंहदरवार,काठमाडौं, नेपाल
फोन नं.-४२००४९९

प.सं.२०७७/७८
च.नं. ६४

मितिः २०७७/०७/२५

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा।

श्रीमान् सचिवज्यू,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

प्रस्तुत विषयमा यस समितिको मिति २०७७/०७/२४ गते बसेको बैठकले गरेको निर्णय कार्यान्वयनका लागि निर्णयको प्रतिलिपि यसैसाथ पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु।

..........................
(भानु पोखेल)
शाखा अधिकृत

मिति: २०७७/०७/२४
समय: ११:३० बजे
बैठक संख्या: ११४

छलफल तथा निर्णयः
समितिको आजको बैठक समितिका सभापतिज्यूको अध्यक्षतामा बस्यो। बैठकमा कोभिड- १९ को महामारीमा परेका श्रमिकहरुको व्यवस्थापनका लागि स्थानीय तहहरुले गरेको व्यवस्था र विविध विषयमा काठमाडौं महानगरपालिकाका नगर प्रमुख, भक्तपुर नगरपालिकाका नगर प्रमुख, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रतिनिधिहरुसँग छलफल भयो। छलफल पश्चात देहायबमोजिम निर्णय गर्‍यो:

१. हाल कोभिड-१९ महामारीको समयमा रोजगारी गुमाएका श्रमिकहरुलाई स्थानीय तह र सामाजिक संघसंस्थाबाट वितरण गरिने राहत र खाना खुवाउने कार्यहरु अव्यवस्थित तरिकाबाट भएको सन्दर्भमा त्यस्ता क्रियाकलापहरु महानगर/नगर/गाउँपालिकाहरुको समन्वयमा वडा कार्यालयहरु मार्फत व्यवस्थित तरिकाबाट सञ्चालन गर्ने व्यवस्था मिलाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सम्पूर्ण महानगरपालिका, नगरपालिका र गाउँपालिकाहरुलाई निर्देशन दिने।

२. नेपालमा कोभिड-१९ बाट संक्रमित बिरामीहरुले समयमा उपचार नपाएको भन्ने बिरामी र स्वास्थ्य सेवा उपभोग गर्ने उपभोक्ताहरुको गुनासोहरुको सन्दर्भमा नेपालभर प्रादेशिक रुपमा र जिल्लागत रुपमा कोरोना उपचारका लागि तोकिएका अस्पतालहरु, त्यहाँ रहेका भेन्टिलेटरको संख्या, अक्सिजन प्लान्टको अवस्था, आई.सि.यू. उपचार कक्षको संख्या, Covid र Non Covid अस्पतालमा रहेको बेड संख्या, उपलब्ध सेवा सुविधा र अवस्थाको सम्पूर्ण विवरण सहितको प्रतिवेदन ७ दिनभित्र यस समितिलाई उपलब्ध गराउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिने।

३. नेपालबाट कतारमा नेपाली श्रमिक पठाउनका लागि १७ वटा म्यानपावर कम्पनी संगठित भई सिन्डिकेट गरी एकाधिकार कायम गरेको निवेदन यस समितिमा प्राप्त भएकोले सो सम्बन्धमा के कस्तो भएको हो स्पष्टीकरण सोधी विस्तृत छानविन र अनुसन्धान गर्दै उपलब्ध सत्यतथ्य विवरण सहितको प्रतिवेदन ७ दिनभित्र यस समितिमा पेश गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिने।

(झलक शर्मा सापकोटा)
समिति सचिव

(विमल प्रसाद श्रीवास्तव)
सभापति